# भन्सार समाचार

## Customs News

*भन्सार र वातावरण : हाम्रो प्राकृतिक सम्पदाहरुको संरक्षण गरौं (Customs and the environment : protecting our natural heritage)*

वर्ष - १ अङ्क- २ २०६५ साल फागुन १५ गते विहीवार ( 26 February 2009) मासिक


## सम्पादकीय

भन्सार विभागले २०६५ साल माघ १३ गते (२६ जनवरी २००९) का दिन विभिन्न कार्यक्रमको आयोजना गरी ५७ औं अन्तर्राष्ट्रिय भन्सार दिवस मनाएकोछ भन्सार दिवस केवल औपचारिक कार्यक्रम मात्र नभएर भन्सार प्रशासन, नीजि क्षेत्र तथा नागरिक समाजको आपसी सहयोग तथा सद्भाव अभिवृद्धि गर्ने अवसर पनि हो।

भन्सार दिवसका उपलक्षमा त्रिभुवन विमानस्थल भन्सार कार्यालय र सुख्खा वन्दरगाह भन्सार कार्यालयहरु उत्कृष्ट घोषित भएका छन् । नि:सन्देह, यी कार्यालयहरु लाई आगामी दिनमा पनि राजस्व सङ्कलन सहित व्यापार सहजीकरणको उद्देश्य हासिल गर्न थप प्रेरणा प्राप्त हुनेछ । यसैगरी, अन्य भन्सार कार्यालयहरु समेत उत्कृष्ट हुनका लागि उत्प्रेरित रहने अपेक्षा गर्न सकिन्छ । यसै दिवसका दिन भन्सार विभाग र नेपाल चेम्वर अफ कमर्सले भन्सार प्रशासनमा कार्यरत कर्मचारीहरुलाई उत्कृष्ट घोषित गरी करदपत्र प्रदान गरेको छ । विभाग र सरोकारवालाहरुले कर्मचारीलाई पुरष्कृत गर्दा कर्मचारीको मनोवलमा सकारात्मक परिवर्तन आउने र त्यसबाट समग्र उद्योगी, व्यापारी र भन्सार प्रशासन लाभान्वित हुने कुरामा दुईमत रहदैन । यसै सन्दर्भमा, नेपाल चेम्वर अफ कमर्सले भन्सार विभागका पूर्व महानिर्देशक श्री वंशिधर घिमिरेलाई सम्मान गरेको क्षण पनि स्मरणीय क्षणका रुपमा अङ्कित रहन गएकोछ । सरोकारवालाले दिने यस प्रकारको सम्मानले भन्सार प्रशासनको छवि सुधारमा ठूलो टेवा पुग्ने विश्वास गर्न सकिन्छ।

भन्सार दिवसको उपलक्ष्यमा उद्योग वाणिज्य महासंघ र नेपाल समुद्रपार निकासी पैठारी संघले व्यापार सहजीकरणका विषयमा प्रस्तुत गरेको कार्यपत्र र अन्तरक्रियाले भन्सार प्रशासनलाई आधुनिकीकरण गर्ने क्रममा यथेष्ठ बल पुऱ्याएको छ। यस्ता कार्यक्रमबाट सरोकारवाला र भन्सार प्रशासनवीच सहयोगात्मक भावनाको अभिवृद्धि भई भन्सार सुधार तथा आधुनिकीकरणमा थप उर्जा प्राप्त हुनेछ।

भन्सार दिवसको उपलक्ष्यमा, अर्थ सचिव श्री रामेश्वर खनाल, अर्थ सचिव (राजस्व) श्री कृष्णहरि बाँस्कोटा, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्वर अफ कमर्सका पदाधिकारी र नेपाल समुद्रपार निकासी पैठारी संघका पदाधिकारीहरुले प्रदान गर्नु भएको मन्तव्य यथार्थमा भन्सार प्रशासनले अवलम्वन गरी ठोस सुधारलाई निरन्तरता दिनु अपरिहार्य देखिएकोछ।

## नेपाली प्रतिनिधिमण्डलबाट भारतमा वार्ता

भारतीय अन्त:शुल्क फिर्ता प्रक्रिया (डी.आर.पी.) मा देखिएका नीतिगत एवं प्रक्रियागत समस्याहरु समाधान गरी नेपाल सरकारलाई फिर्ता हुने भारतीय अन्त:शुल्कको रकम सरल, एवं छिटो फिर्ता लिने उद्देश्यले भन्सार विभागका महानिर्देशक श्री वोधराज निरौलाको नेतृत्वमा दिल्ली स्थित नेपाली राजदूतावासका मिनिष्टर (इकोनोमिक) श्री केदार वहादुर अधिकारी र भन्सार विभागका निर्देशक श्री रामहरि अर्याल समेत रहेको प्रतिनिधिमण्डलले मिति २०६५।१०।२० गते देखि २६ गतेसम्म भारतको भ्रमण गऱ्यो।

प्रतिनिधिमण्डलले भारतको Central Board of Excise and Customs का Chairman Mr. P. C. Jha, Member Mr. J. K. Batra र Directorate General of Inspection, Customs and Central Excise का महानिर्देशकहरुसंग छुट्टाछुट्टै भेटवार्ता गरेको थियो। उक्त भेटवार्तामा नेपाली प्रतिनिधि मण्डलका नेताले भारतीय अन्त:शुल्क फिर्ता सम्वन्धी पुराना एवं हालका दिनहरुमा देखिएका नीतिगत एवं प्रक्रियागत समस्याहरुको जानकारी गराउनका साथै ती समस्याहरु समाधान गर्न आवश्यक पहल हुन समेत अनुरोध गर्नु भएको थियो। उक्त अनुरोधलाई भारतीय पदाधिकारीहरुले उच्च प्राथमिकतामा राखी डी.आर.पी. सम्वन्धी सबै प्रकारका समस्याहरु यथासक्य चाँडो समाधान गर्ने र विगत वर्षहरुमा जस्तै यस आ.व. मा नेपाल सरकारले भारतीय अन्त:शुल्क शीर्षकमा तोकेको रु. ३ अर्व लक्ष्य अनुसारको रकम फिर्ता पठाउने अश्वासन समेत दिएका थिए। नेपाली प्रतिनिधि मण्डलको भ्रमण अवधिमा भारत सरकारले रु. ३१ करोड ७२ लाख ५५ हजार भारतीय अन्त:शुल्क फिर्ता उपलब्ध गराएको थियो। भेटवार्ताको क्रममा नेपाल सरकारको तर्फवाट राजस्व सचिव श्री कृष्णहरि बास्कोटाले भारतको Central Board of Excise and Customs का Chairman श्री पि.सी.झालाई नेपालको भ्रमणको निमित्त पठाउनु भएको आमन्त्रण पत्र महानिर्देशक श्री निरौलाले हस्तान्तरण गर्नु भएको थियो। Chairman P. C. Jha लाई नेपाल भ्रमणको आमन्त्रण पत्र समेत प्रदान गर्नु भएकोमा Board का Chairman ले निकट भविष्यमै नेपालको भ्रमण गर्नु हुने जानकारी समेत प्राप्त भइसकेको छ ।



**भन्सार दिवसको अवसरमा सर्वोत्कृष्ट कर्मचारी घोषित विभागका शा.अ.केशवराज ढकाल अर्थ सचिवबाट कदरपत्र ग्रहण गर्दै।**

भन्सार समाचार
**Customs News**

प्रकाशक
भन्सार विभाग,
त्रिपुरेश्वर, काठमाडौं

प्रमुख सल्लाहकार
श्री बोधराज निरौला

सल्लाहकार
श्री डिकरदेव भट्ट
श्री कुलराज ज्ञवाली

प्रधान सम्पादक
श्री श्यामप्रसाद दाहाल

सम्पादक
श्री नीरद रेग्मी

मुद्रण
श्री सूचना प्रविधि तथा
आधुनिकीररण शाखा,
भन्सार विभाग,
काठमाण्डौ।
फो नं. ४२५९७९१,
४२५९७९३
फ्याक्स: ४२५९८०
e-mail:
it@customs.gov.np


# भन्सार प्रशासनको कार्ययोजना नेपाल सरकारवाट स्वीकृत

भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना (२०६५।६६–२०६८।६९) अर्थ मन्त्रालयबाट यही माघ ३ गते स्विकृत भई लागू भएको छ । भन्सार विभागले २०६०/६१ देखि २०६२/६३ सम्म प्रथम चरण र २०६३/६४ देखि २०६५/६६ सम्म दोश्रो चरणमा ३ वर्षे भन्सार सुधार तथा आधुनिकीकरण कार्ययोजना लागू गरेकोमा चालू आर्थिक वर्ष दोश्रो चरणको कार्ययोजनाको अन्तिम वर्ष पनि हो। दुवै चरणका आधुनिकीकरण कार्ययोजनाबाट उल्लेखनीय उपलव्धि हासिल भएका छन् । तथापी, भन्सार प्रशासनलाई २१ औं सताब्दीको मागलाई सम्वोधन गर्ने गरी सुधार गर्ने प्रशस्त सम्भावना रहेको विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन्। विगतका उपलव्धिहरुलाई दिगो रुपमा स्थापित गर्दै भन्सार प्रशासनलाई समयको माँग अनुरुप आधुनिकीकरणको नयाँ चरणमा प्रवेश गराउन भन्सार सुधार तथा आधुनिकीकरणको नयाँ कार्ययोजना लागू गरिएको छ ।

यस कार्ययोजना तर्जूमा गर्दा विभिन्न स्तरमा छलफल, अन्तरक्रिया र अध्ययन गरिएको थियो। यसै क्रममा विश्व भन्सार संगठनका Kristian Andreasen and Jari Saloniemi ले Implementation of the SAFE Programme (Framework of Standards to Secure and Facilitate Global Trade) प्रतिवेदन भन्सार विभागमा पेश गर्नुभएको थियो । सो प्रतिवेदनमा उल्लिखित सुझावहरुका आधारमा विश्व भन्सार संगठनको सहयोगमा २००८ अप्रिलमा एक कार्यशाला आयोजना गरिएको थियो। विश्व भन्सार संगठनबाट २ जना विशेषज्ञहरु सम्मिलित उक्त कार्यशालामा भन्सार विभाग र अन्तरगतका कार्यालय र अन्य निकायहरुका प्रतिनिधिहरुले भाग लिएका थिए। कार्यशालाबाट प्राप्त निष्कर्षको आधारमा कार्ययोजनाको मश्यौदा तयार गरिएको थियो। उक्त मस्यौदामा विभिन्न चरणमा विश्व भन्सार संगठनका विशेषज्ञहरुको राय लिनुका अतिरिक्त अन्तर्राष्ट्रिय मुद्राकोषबाट आएका विशेषज्ञ Mr. Ron MgGrath को सहयोग पनि लिइएको थियो। तत्पश्चात विभागका निर्देशकहरुबाट प्राप्त सुझावहरु, Doing Business 2009 र उपलव्ध अन्य भन्सार सुधार सम्वन्धी प्रतिवेदनहरुमा उल्लिखित बुंदाहरु समेत समावेश गरी कार्ययोजना तयार गरिएको छ।

कार्ययोजनामा भन्सार विभागको दूरदृष्टि, लक्ष्य, मूल्य, रणनीति, उद्देश्य र कार्यक्रमहरु समावेश गरिएकाछन् । कार्ययोजनाको दूरदृष्टि, लक्ष्य, मूल्य र रणनीतिहरु यस प्रकार छन्:

**दूरदृष्टि (Vision)** : अन्तर्राष्ट्रिय स्तरको उच्च र गुणस्तरीय पेशागत भन्सार सेवा प्रदान गरी राष्टको आर्थिक एवं समाजिक उत्थानमा टेवा पुऱ्याउने,

**लक्ष्य (Mission)** : वैध ब्यापार प्रर्वद्धन र सहजीकरण गर्दै समाज एवं राजस्वको संरक्षण गर्ने

**मूल्य एवं मान्यता (Values)**: आपसी सदभाव, समानता, सदाचारिता र इमान्दारिता, पारदर्शीता, सम्मान, समर्पण र उत्कृष्टता

**रणनीति (Strategies)**:

१. वैधानिक उद्योग र व्यापारलाई सहजीकरण गर्ने,
२. समाजको संरक्षण गर्ने र नियम कानूनको परिपालना गराउने,
३. सरकारले प्राप्त गर्नुपर्ने सम्पूर्ण राजस्व प्राप्त गर्ने,
४. सूचनाको भण्डारको विकास गर्नुका साथै आयात र निर्यात तथ्याङ्क सङ्कलन र प्रशोधन गर्ने,
५. भन्सार प्रशासन, व्यवस्थापन र संगठनको आधुनिकिरण र सशक्तिकरण गर्ने,
६. भन्सार प्रशासनमा सत्यनिष्ठाको संस्कृति विकासगर्ने र भ्रष्टाचारलाई परास्त गर्ने आधारहरु पहिचान गरी लागू गर्ने,
७. भन्सारका सम्पूर्ण प्रक्रियाहरुलाई अधिकतम स्वचालित गर्ने,
८. प्रभावकारी यात्रु जाँचपास प्रणाली लागू गर्ने,
९. भन्सार प्रशासनका गतिविधिहरुलाई आन्तरिक र वाह्य स्तरमा प्रवाह गरी सरोकारबालाहरु वीच आपसी सहयोग अभिवृद्धि गर्ने,

भन्सार प्रशासनको रणनीतिक योजनाका रुपमा अगाडी बढाईएको यस कार्ययोजनाले वार्षिक योजना तर्जुमा गर्न मार्गदर्शन गर्नेछ ।

प्रतिभाशाली मान्छेका विरुद्ध सवै मुर्ख मान्छे उचालिएका हुन्छन - स्वीफ्ट

# विमानस्थल भन्सार कार्यसम्पादनको आधारमा उत्कृष्ट

आर्थिक बर्ष २०६४/६५ मा त्रिभुवन विमानस्थल भन्सार कार्यालय कार्यसम्पादनको आधारमा उत्कृष्ट घोषित भएको छ। यसैगरी सुख्खा वन्दरगाह भन्सार कार्यालय दोश्रो स्थान प्राप्त गर्न सफल भएको छ। ५७ औं विश्व भन्सार दिवसका अवसरमा माघ १२ गते बेलुका होटल डेला अन्नपूर्ण, दरवारमार्गमा आयोजित कार्यक्रममा ती कार्यालयहरुलाई अर्थ सचिव श्री रामेश्वर खनालले कदरपत्र प्रदान गरी सम्मान गर्नु भएको थियो। चालू आर्थिक बर्षको मंसिर र पुष महिनामा पनि त्रि.वि.भन्सार कार्यालय कार्यसंपादनको आधारमा उत्कृष्ट भएको छ।

राजस्व असुली लगायत विभिन्न कार्यहरुको वार्षिक लक्ष्यको लागि तोकिएको सूचकाङ्कहरुको आधारमा बढी अङ्क प्राप्त गर्ने कार्यालयलाई उत्कृष्ट कार्यालयको रुपमा सम्मानित गरी कदरपत्र प्रदान गर्ने प्रचलन विगत बर्षहरु देखि रहदै आएको छ।

# ५७ औ अन्तर्राष्ट्रिय भन्सार दिवस भब्यताका साथ सम्पन्न

भन्सार विभागमा ५७ औ अन्तर्राष्ट्रिय भन्सार दिवस विभिन्न कार्यक्रमका साथ माघ १२ र १३ गते भब्यताका साथ मनाईयो। यस वर्षको अन्तर्राष्ट्रिय भन्सार दिवसको नारा **भन्सार र वातावरणः हाम्रो प्राकृतिक सम्पदाको संरक्षण गरौं (Customs and the Environment: Protecting Our Natural Heritage)** रहेको छ । माघ १३ गते भन्सार दिवसको दिन विहान भन्सार विभागको सभाकक्षमा कर्मचारीवीच एक अन्तरक्रियाको आयोजना गरियो । सो कार्यक्रममा विभागका महानिर्देशक श्री बोध राज निरौलाले भन्सार सुधार र आधुनीकरणमा सामूहिक सहयोग पुऱ्याएकोमा कर्मचारीहरुलाई धन्यवाद दिदै व्यापार सहजिकरणमा थप टेवा पर्याई नयाँ नेपालको निर्माणमा ठोस योगदान पुऱ्याउन सकारात्मक सोच र सदाचारमा अफ प्रतिवद्ध रहन सबै कर्मचारीलाई निर्देशन दिनु भएको थियो। कार्यक्रममा विभाग तथा अन्य कार्यालयमा अघिल्लो आर्थिक वर्षमा उत्कृष्ट कार्यगर्ने कर्मचारीहरुलाई कदर पत्र तथा विभागमा वेरुजु सम्बन्धी उत्कृष्ट कार्य गर्ने कर्मचारीहरुलाई नगद पुरस्कार प्रदान गर्नु भएको थियो।

सोही दिन भन्सार विभाग र नेपाल च्याम्बर अफ कमर्सको संयुक्त तत्वावधानमा होटेल डेला अन्नपूर्णमा एक कार्यक्रम आयोजना गरियो। कार्यक्रम अर्थ सचिव श्री रामेश्वर प्रसाद खनालज्युको प्रमुख आतिथ्य तथा नेपाल चेम्बर अफ कमर्सका उपाध्यक्ष श्री लोकमान्य गोल्छाको अध्यक्षतामा सम्पन्न भयो । सो अवसरमा श्री खनालले वर्षका उत्कृष्ट कर्मचारी श्री केशव ढकाललाई दोसल्ला ओढाई सम्मान साथै भन्सार विभागबाट प्रकाशित भन्सार स्मारिका २०६५ को लोकार्पण र भन्सार समाचारपत्र मासिकको प्रकाशन आरम्भ गर्नुभयो । सो अवसरमा नेपाल चेम्बर्स अफ कमर्सका तर्फबाट निवर्तमान भन्सार महानिर्देशक श्री बंशिधर घिमिरेलाई कदरपत्र तथा उपहार प्रदान गर्नुका साथै उत्कृष्ट कर्मचारीको रुपमा भन्सार विभागका शाखा अधिकृत श्री सेवन्तक पोखरेललाई कदरपत्र प्रदान गरियो। सचिव श्री खनालले निर्यातमा निगरानी गरी जैविक विविधताको संरक्षण तथा नागरिकको जनस्वास्थ्यमा आघात पर्ने वस्तुको आयातमा नियन्त्रण गर्ने कार्य भन्सारले गर्नुपर्ने धारणा राख्नु भएको थियो । भन्सार प्रशासनको स्वच्छ छवि प्रतिविम्वित गर्न मन्त्रालयले पहल गरिरहेको र केही समयभित्र यसको अनुभूति सबैले गर्ने विचार व्यक्त गर्नु भएको थियो । उहाँले यस कार्यमा सबै पक्षको सहयोगको अपेक्षा गर्नु भएको थियो।यसै अवसरमा स्वागतमन्तव्य व्यक्त गर्दै भन्सार विभागका महानिर्देशक श्री बोधराज निरौलाले अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप भन्सार सेवा सञ्चालनको लागि विभाग प्रतिवद्ध रहेको जानकारी दिनु भयो। व्यापारी तथा कर्मचारीलाई समाजमा आलोच्य नभई सम्मानपूर्वक रहने वातावरण बनाउन विभाग तथा सरकारबाट भएका प्रयासमा सकारात्मक सोचका साथ सहयोग गर्न पनि उहाँले आग्रह गर्नुभयो। उक्त अवसरमा पूर्व महानिर्देशक श्री बंशिधर घिमिरेले व्यापार सहजिकरण तथा स्वच्छ प्रशासनका चुनौतिलाई सामना गर्न कागजात कम गर्नु पर्ने र स्वविवेकीय निर्णयको कटौती हुनुपर्ने धारणा व्यक्त गर्नु भयो । चेम्बर अफ कमर्सका उपाध्यक्ष श्री लोकमान्य गोल्छाले हालका दिनहरुमा भन्सार प्रशासनको सेवामा बढी सहजताको अनुभव भएको बताउँदै सदाचारको विकास भइरहेकोमा खुशी व्यक्त गर्नु भयो।

५७ औं अन्तर्राष्ट्रिय भन्सार दिवसका अवसरमा माघ १२ गते साँझ भन्सार विभाग, उद्योग वाणिज्य महासंघ र नेपाल समुन्द्रपार निकासी पैठारी संघको संयुक्त आयोजनमा होटेल हिमालय, कुपण्डोलमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो। कार्यक्रम विशेषगरी भन्सारको आधुनिकीकरण, व्यापार सहजीकरण र भन्सारको भूमिका तथा भन्सार प्रशासनको सुधारोन्मुख सदाचारमा केन्द्रित रहयो। उद्योग वाणिज्य महासंघ को तर्फवाट श्री कुश कुमार जोशीको स्वागत मन्तव्य वाट सुरु गरिएको कार्यक्रममा नेपाल समुन्द्रपार निकासी पैठारी संघका अध्यक्ष श्री रमेश गुप्ता तथा भन्सार तथा अन्तःशुल्क समिति, नेपाल उद्योग वाणिज्य संघ का सभापति श्री दिनेश श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नु भयो। कार्यक्रममा भन्सार विभागका महानिर्देशक श्री बोध राज निरौला तथा राजश्व सचिव श्री कृष्णहरी वास्कोटाले मन्तव्य व्यक्त गर्नु भएको थियो। सुन्द्रपार निकासी पैठारी संघका अध्यक्ष श्री सतिश कुमार मोरको घन्यवाद ज्ञापनवाट समापन गरिएको सो कार्यक्रममा भन्सार प्रशासन द्रुत गतिमा पारदर्शी र स्वच्छ हुँदै गएकोमा खुशी व्यक्त गरियो।

१५ डिसेम्वर १९५० मा व्रसेल्समा कन्भेन्सनमा हस्ताक्षर भएपछि भन्सार सहयोग परिषद् (Customs Cooperation Council) को स्थापना भएको थियो । २६ जनवरी १९५३ मा भएको पहिलो बैठकबाट यसको कार्यको शुरुवात भएको दिनको सम्फना स्वरुप अन्तर्राष्ट्रिय भन्सार दिवस मनाईदै आइएको छ। नेपाल सन् १९८६ मा संगठनको सदस्य भएको हो। नेपालले विगत १५ बर्ष देखि अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउदै आएको छ।

Imagination is more important than knowledge.-Albert Einstein

## कार्य संपादनमा नेपालगन्ज अगाडि

विभिन्न १९ वटा पसूिचकहरुको प्रगति मूल्यांकनको आधारमा २०६५ साल माघ महिनामा नेपालगंज भन्सार कार्यालय १५७ प्रतिशत प्रोत्साहन भत्ता प्राप्त गर्न सफल भएकोछ। यसरी नेपालका २२ वटा भन्सार कार्यालयहरु मध्ये कार्यसम्पादनको आधारमा नेपालगंज भन्सार कार्यालय प्रथम भएको छ। नेपालगन्ज भन्सार कार्यालयले माघ महिनाको राजस्व असुलीको लक्ष्यमा १२४.५ प्रतिशत र माघ महिनासम्मको राजस्व असुलीको लक्ष्यमा १२४ प्रतिशत प्रगति गरी ११० प्रतिशत प्रोत्साहन भत्ता र बाँकी अन्य परिसूचकहरुको आधारमा ४७ प्रतिशत थप भत्ता प्राप्त गरी कूल १५७ प्रतिशत प्रोत्साहन भत्ता प्राप्त गर्न सफल भएको हो।

यसै गरी, त्रिभुवन विमानस्थल भन्सार कार्यालयले १५० प्रतिशत भत्ता प्राप्त गरी दोश्रो स्थान हासिल गरेको छ। प्रोत्साहन भत्ता प्राप्त गर्ने अन्य कार्यालयहरुमा जलेश्वर (१३९%), कन्चनपुर (१३२%), सर्लाही (१२७%), कृष्णनगर (१२६%), पशुपतिनगर ( १२४%), विराटनगर ११२%), कैलाली (१०६%), सुख्खावन्दरगाह (८१%), भैरहवा (७९.८%), र तातोपानी (४८.९४%) रहेका छन्।

## सुख्खावन्दरगाहमा भन्सार दिवस सम्पन्न

सुख्खावन्दरगाह भन्सार कार्यालयमा एक भव्य समारोह बीच प्रमुख भन्सार अधिकृत श्री तुलसीराम सेडाईको सभापतित्वमा ५७ औं विश्व भन्सार दिवस मनाइयो। कार्यक्रममा सेवाग्राही, भन्सार एजेन्ट, व्यापारी, उद्योगपती र विभिन्न वैङ्क हिमालयन टर्मिनल, इण्टरस्टेट, सुरक्षा निकाय जसमा नेपाली सेना, ग्रुप फोर लगायत भन्सारमा कार्यरत सम्पूर्ण कर्मचारी र मजदुरहरुको सहभागिता रहेको थियो। सो अवसरमा विभागका तर्फबाट उत्कृष्ट घोषित कम्प्यूटर अपरेटर श्री प्रकाश दवाडी र भन्सार एजेन्ट प्रमोद अग्रवाल एवं कार्यालयका तर्फबाट उत्कृष्ट घोषित ना.सु. श्री विष्णु कुवँरलाई कार्यालय प्रमुखले सम्मान गर्नुभयो ।

उक्त कार्यक्रमलाई कार्यालय प्रमुख श्री सेडाई, उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री अशोक टिवानी, इन्टरस्टेडका श्री आर. वी. रौनियार, भन्सार एजेन्टका प्रतिनिधि श्री उमेश शर्मा, हिमालयन टर्मिनलका मेनेजर श्री दिपेश शर्मा,कर्मचारी युनियन, सुख्खावन्दरगाह कार्यालय इकाइका अध्यक्ष श्री गोविन्द वहादुर शाही, उत्कृष्ट भन्सार एजेन्ट तथा प्रतिनिधि श्री प्रदीप उपाध्यायले सम्बोधन गर्नु भयो । भन्सार अधिकृत श्री भीमप्रसाद अधिकारीद्वारा सञ्चालित उक्त कार्यक्रममा भन्सार अधिकृत श्री गिरिश कुमार चन्दले स्वागत मन्तव्य व्यक्त गर्नु भयो। उद्योग वाणिज्य संघका उपाध्यक्ष तथा अन्य सेवाग्राहीहरुले मन्तव्यका क्रममा सुख्खावन्दरगाह भन्सारमा प्रभावकारी रुपमा लागू गरेको सदाचार पद्धति उदाहरणीय भएको हुँदा सबै सरकारी कार्यालयहरुले यसको अनुशरण गर्न आग्रह गरेका थिए।

## आशिकुडा Steering Committee बैठक सम्पन्न

सडक विभाग अन्तर्गत एसियाली विकास बैकको ऋण सहयोगमा सञ्चालित **Sub-Regional Transport Facilitation Project (STFP), ASYCUDA Component, Project Steering Committee** को तेश्रो बैठक भन्सार विभागका महानिर्देशक तथा सो कमिटिका अध्यक्ष श्री बोध राज निरौलाको अध्यक्षतामा भन्सार विभागमा माघ १३ गते सम्पन्न भयो । उक्त बैठकमा **ADB** आयोजना निर्देशनालय, **UNCTAD**, अर्थ मन्त्रालय तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रको समेत प्रतिनिधित्व रहेको थियो।

बैठकमा **ASYCUDA Project** को हाल सम्मको प्रगतिको समीक्षा गरियो जसमा **UNCTAD** का **Mr. Renaud MASSENET** र भन्सार विभागका निर्देशक एवं आयोजनाका **Project Manager** श्री श्याम प्रसाद दाहाललले **Asycuda project** को हालसम्मको प्रगति तथा समस्याहरुवारे विवरण प्रस्तुत गर्नु भएको थियो। बैठकले आयोजनाको सम्झौतापत्र र भन्सार विभागको **Action Plan** समेतलाई ध्यानमा राखी आयोजनाको बाँकी अवधिको लागि कार्ययोजना तयार गर्ने निर्णय गऱ्यो। कार्ययोजनामा भन्सार प्रक्रियाहरुको अध्ययन गर्ने, आशिकुडामा समाधान हुन नसकेको विषयमा समाधान खोज्ने, सुख्खा वन्दरगाह भन्सार कार्यालयमा **E-Customs** को अवधारण अनुरुप अघि वढाउने लगायतका विषयमा सहमति भएको थियो। नेपालमा आशिकुडाको पूर्ण कार्यान्वयनका लागि **UNCTAD** को तर्फवाट आवश्यक प्रविधिक सहयोग जारी राख्ने प्रतिवद्धता समेत व्यक्त गरियो।

## कोइलावास भन्सार पुनः सञ्चालनमा

भन्सार विभागका निर्देशक श्री श्यामप्रसाद दाहाल तथा कृष्णनगर भन्सार कार्यालयका प्रमुख श्री लक्ष्मीप्रसाद पौडेलले माघ २४ गते स्थलगत निरीक्षण गरी चालू अर्थिक बर्षमा बन्द रहेको कोईलावास भन्सार कार्यालय सञ्चालनमा ल्याइएको छ । कोईलावास भन्सार कार्यालबाट गिट्टी निकासीको सम्भावना प्रचुर देखिएकोछ। यसै क्रममा श्री दाहालले माघ २२ गते देखि २५ गते सम्म भैरहवा र कृष्णनगर भन्सार कार्यालयको निरीक्षण गर्नु भएको छ ।

कृष्णनगर भन्सार कार्यालयले हालै चाकरचौडा छोटी भन्सार कार्यालय सञ्चालन ल्याएपछि ९ दिनमा नै एक लाख पचास हजार राजस्व असुल गरेको छ भने सुठौली छोटी भन्सारले गतवर्ष माघ महिनामा २५ लाख ८० हजार राजस्व संकलन गरेकोमा यस वर्षको माघ २२ गते सम्ममा नै रु.२७ लाख सङ्कलन गरेको देखिएको छ । कृष्णनगर भन्सार कार्यालयको राजस्व संकलन, अभिलेख व्यवस्थापन र सरसफाई उदाहरणीय रहेको छ । भैरहवा भन्सार कार्यालयले सदाचारिताको अनुभूतिका साथै नियन्त्रण पक्ष कसिलो र मूल्याँकनमा विशेष निगरानी गरेको देखिएको छ । भारततर्फको लोकल पैठारीको कारोवारमा बृद्धि देखिएकाले आगमी दिनहरुमा राजस्व बृद्धिमा थप सुधारहुने संकेत देखिएको छ ।

"If the facts don't fit the theory, change the facts." -Albert Einstein

# त्रिभुवन विमानस्थल भन्सार कार्यालय सदाचार कायम राख्न प्रतिवद्ध

त्रिभुवन विमानस्थल भन्सार कार्यालय गत आर्थिक बर्षमा कार्यसम्पादनको आधारमा उत्कृष्ट घोषित भएको छ। साथै, त्रि.वि.स्थल भन्सार कार्यालय चालू आर्थिक बर्षको मंसिर र पुष महिनामा पनि कार्यसंपादनको आधारमा उत्कृष्ट भई आफ्ना कर्मचारीलाई सवै भन्दा बढी प्रोत्साहन भत्ता दिलाउन सफल भएको छ। यसै सन्दर्भमा हामीले त्रि.वि.स्थल भन्सार कार्यालयका प्रमुखलाई केही प्रश्न सोधेका थियौ

*प्रश्नः कार्यालय उत्कृष्ट भएकोमा यहाँको प्रतिक्रिया के छ?*
उत्तरः यसबाट आफूलाई थप जिम्मेवारीको बोध भएकोछ । सवै कर्मचारीको संयुक्त अठोटबाट उत्कृष्ट हुन सकिएको हो । यसकालागि सवै कर्मचारी धन्यवादका पात्र हुनुहुन्छ।

*प्रश्नःचालु आर्थिक वर्षको बाँकी अवधिमा लक्ष्य पूरा हुनेमा कत्तिको विस्वस्त हुनुहुन्छ ?*
उत्तरः चुहावट नियन्त्रण, मूल्याङ्कन, बेरुजू फछ्र्यौट, लिलाम, **PCA** आदि सवै पक्षमा समान ध्यान दिएकोले लक्ष्य पूरा हुनेमा पूर्ण विश्वस्त छु ।

*प्रश्नः सुधारका कार्यक्रम कसरी अघि वढेका छन्?*
उत्तरः त्रि.वि.स्थल भन्सार कार्यालयले **Selectivity Module** र **Broker Module** प्रयोगमा ल्याएको छ । र यसलाई आगामी दिनहरुमा थप सुद्रिढ गर्दै लगिनेछ र विमानस्थलको यात्रु जाँचपास व्यवस्थामा समेत सुधार ल्याइनेछ।

*प्रश्नः आगामी दिनमा के कस्ता चुनौतीहरु देख्नु भएको छ?*
उत्तर : बिद्युतको नियमित आपूर्ति नहुनु, व्यवशायिक कार्यकुशलताको कमी, भन्सार एजेन्टलाई आफ्ैले प्रज्ञापनपत्र प्रविष्टी गर्न उत्प्रेरित गर्नुपर्ने काम सहित आधुनिकीकरणलाई निरन्तरता दिने काम आगामी दिनको प्रमुख चुनौतिको रुपमा रहेका छन् । ।

*प्रश्नः प्रोत्साहन प्रणालीका परिसूचकहरु सम्वन्धमा यहाँको प्रतिक्रिया के रहेकोछ ?*
उत्तरः प्रोत्साहन प्रणालीका परिचूचकहरु उपयुक्त देखिन्छन। तथापी, त्रि.वि. भन्सार कार्यालयको विशिष्ट कार्यक्षेत्र अनुरुप परिसूचकहरुमा परिमार्जन गरिनु पर्ने आवश्यकता पनि टड्कारो रुपमा देखिएकोछ । साथै सवै पक्षवाट सहयोग हुँदा हुँदै पनि प्रोत्साहन प्रणालीले अपेक्षा गरेको सदाचार कायम राख्न अझ बढि प्रयत्न गर्नुपर्ने देखिएकोछ।

# पूर्व महानिर्देशक श्री बंशिधर घिमिरे नेपाल चेम्वर अफ कमर्सबाट सम्मानित



५७ औं अन्तर्राष्ट्रिय भन्सार दिवस (२६ जनवरी, २००९) को अवसरमा नेपाल चेम्वर अफ कमर्सले भन्सार विभागका पूर्व महानिर्देशक श्री बंशिधर घिमिरेलाई उहाँले भन्सार प्रशासनमा पुऱ्याउनु भएको उल्लेखनीय योगदानको लागि कदरपत्र प्रदान गरेकोछ । श्री घिमिरेले २०१९ साल देखि २०२२ सालसम्म राजपत्र अनंकितस्तरमा र २०२५ साल देखि २०५८ साल चैत्रसम्म राजपत्रांकृत पदको विभिन्न श्रेणीमा रही राष्ट्रको सेवा गर्नु भएको छ। यस वीचमा उहाँ तत्कालीन अन्तःशुल्क विभाग, अन्तःशुल्क कार्यालय, झापा, कर कार्यालय, जनकपुर, तत्कालिन कर कार्यालय, काठमाडौं, कर विभाग, अर्थमन्त्रालय, भन्सार विभाग हुँदै अन्त्यमा महालेखा नियन्त्रक (विशिष्ट श्रेणी) को पदबाट अवकाश प्राप्त गर्नु भएको थियो । भन्सार समाचारपत्रको यस अङ्कमा उहाँसंग लिइएको संक्षिप्त अन्तरवार्ता तल प्रस्तुत गरिएकोछ।

*प्रश्नः तपाई भन्सार विभागको महानिर्देशकमा कति अवधि सेवारत रहनु भयो ?*
उत्तरः भन्सार विभागको महानिर्देशक पदमा २०५५ साल देखि २०५७ साल चैत्रसम्म करीव ३ वर्ष कार्यरत रहे ।

*प्रश्नः भन्सार विभागमा रहदाँको स्मरणीय पक्ष के रहेको छ ?*
उत्तरः आफ्नो कार्यअवधिका विभिन्न सुधारका कार्यहरु सम्पन्न गरेको सुखानुभूति सगाँलेको छु । त्यसमा पनि तातोपानीबाट जाँचपास हुने कन्टेनर सीलवन्दी गर्ने व्यवस्था, बीरगंज भन्सार कार्यालयमा आशिकुडा संचालन गरिएको क्षण र जिल्ला भन्सार कार्यालयहरुलाई अधिकारसहित जिम्मेवारीसमेत दिने गरी मूल्याङ्कन गर्ने कार्य भन्सार कार्यालयलाई सुम्पिने जस्ता कार्यलाई मैले उल्लेखनीय उपलब्धिका रुपमा सम्झिरहेको छु ।

*प्रश्नः तपाईका केही कृति पनि प्रकाशित भएका छन् भन्ने सुनिएको छ बताइ दिनु हुन्छ कि ?*
उत्तरः हो, मैले शुक्राचार्यको अर्थशास्त्र र लेखा प्रणाली, एकाउन्टीङ फर प्लानिङ र व्यवशायिक आय निर्धारण पुस्तक प्रकाशन गरेको छु।

*प्रश्नः सेवा निवृत्त समय कसरी व्यतित गर्दै हुनुहुन्छ?*
उत्तरः अहिले पनि म गैरसरकारी संस्थाहरुसंग आवद्ध भएर विशेषतः राजस्व र लेखा क्षेत्रमा परामर्श सेवा प्रदान गर्दै आफ्नो ज्ञान र अनुभव बाड्दैछु ।

*प्रश्नः अन्तमा, भन्सार प्रशासनलाई युगानुकूल परिवर्तन गर्न केही सुझाव दिनुहन्छ कि?*
उत्तरः सेवाग्राहीलाई सुविधा दिने र व्यवशायिक कार्यकुशलतामा वृद्धि गर्ने ढाँचाको भन्सार प्रशासनको संगठन संरचना भएमा भन्सार प्रशासनले आगामी दिनका चूनौतीलाई सामना गर्न सक्दछ । भन्सार प्रशासनमा स्वच्छताका लागि ऐन कानूनमा सुधार, प्रक्रियामा सुधार र सेवा प्रवाह गर्ने कर्मचारी र सरोकारवालाहरुको सोच सकारात्मक हुनु जरुरी छ। कर्मचारीहरुको सीपभन्दा पनि उनीहरुको रुचि अनुसार सरुवा गर्ने परिपाटीको अन्त अझै हुनसकेको छैन् । प्रणालीगत प्रवन्धबाटै भन्सार प्रशासन चल्ने संयन्त्र विकास गर्न सकिएमा भन्सार प्रशासनले राष्ट्रले चाहेको भूमिका निर्वाह गर्न सक्छ जस्तो लाग्दछ ।

# भन्सार प्रशासनको माघ महिनाको प्रगति उत्साहप्रद

भन्सार विभागको माघ महिनाको राजस्व असुली लगायत अन्य कार्यसंपादन परिसूचाहरुमा उत्साहप्रद प्रगति देखिएको छ। माघ महिनाको लागि कूल भन्सार राजस्व लक्ष्य रु २ अर्व २३ करोड ३ लाख ९६ हजार रहेकोमा रु २ अर्व ३१ करोड ६२ लाख ८० हजार सङ्कलन भई लक्ष्यको तुलनामा १०३.७३ प्रतिशत प्रगति भएको छ। यसैगरी माघ महिनाको भन्सार महसुल, मूल्य अधिबृद्धिकर र अन्तःशुल्कको कूल लक्ष्य रु ४ अर्व ७० करोड ४८ लाख ५५ हजार रहेकोमा रु ५ अर्व २६ करोड १६ लाख २२ हजार राजस्व सङ्कलन भई लक्ष्यको तुलनामा १११.८३ प्रतिशत प्रगति भएको छ। यो असुली गत वर्षको सोही महिनाको असुली रु.३ अर्व ६८ करोड ७० लाख ७६ हजारको तुलनामा ४२.७० प्रतिशतले बढी रहेको छ।

यसरी नै माघ महिनासम्मको भन्सार, मूल्य अभिबृद्धि कर र अन्तःशुल्कको कूल लक्ष्य रु.३० अर्व ४५ करोड ७३ लाख १२ हजार रहेकोमा कूल रु.३१ अर्व ४६ करोड ४६ लाख १५ हजार राजस्व संकलन भई लक्ष्यको तुलनामा १०३.३१ प्रतिशत प्रगति भएको छ। यो असुली गत आ.ब.को सोही अवधिको असुलीको तुलनामा २२.४१ प्रतिशतले बढी रहेको छ।

यसको अतिरिक्त विभिन्न भन्सार कार्यालयहरु बाट भन्सार बिन्दुमा माघ महिना सम्ममा स्थानीय विकास शुल्क, सडक सुधार दस्तुर र अन्य कर गरी जम्मा रु. २ अर्व १० करोड थप राजस्व असुली भएको छ जुन गत आर्थिक बर्षको सोही अवधिको असुली रु. १ अर्व ६५ करोडको तुलनामा २७.२७ प्रतिशतले बढी रहेको छ ।

यसरी हेर्दा भन्सार, मूल्य अभिबृद्धिकर र अन्तःशुल्क तीन वटै करको चालू आर्थिक वर्षको लागि भन्सार विभागको लागि तोकिएको कूल बार्षिक लक्ष्य रु.५५ अर्व ८५ करोडमा माघ महिना सम्ममा कूल ३१ अर्व ४६ करोड ४६ लाख १५ हजार राजस्व संकलन भई बार्षिक लक्ष्यको तुलनामा ५६.३१ प्रतिशत प्रगति भएकोले अब बाँकी ५ महिनाको अवधिमा वार्षिक लक्ष्यको अनुपातले रु. २५ अर्व ३९ करोड २६ लाख सङ्कलन लक्ष्य रहेतापनि बाँकी अवधिमा जम्मा रु.२४ अर्व ३८ करोड ५३ लाख राजस्व संकलन भएमा वार्षिक लक्ष्य पूरा हुने सूचकाङ्कहरुवाट देखिएको छ ।

## कार्यलयगत राजस्व संकलन (माघ महिनासम्मको)

(रु. हजारमा)

| भन्सार कार्यालय | भन्सार राजस्व | | | | भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क समेत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लक्ष्य | असुली | लक्ष्यको तुलनामा प्रगति % | गत बर्षको सोही अवधिको असुलीको तुलनामा प्रगति % | लक्ष्य | असुली | लक्ष्यको तुलनामा प्रगति % | गत बर्षको सोही अवधिको असुलीको तुलनामा प्रगति % |
| वीरगंज | 6213500 | 5989493 | 96.39 | 117.58 | 15565486 | 16019787 | 102.92 | 121.64 |
| भैरहवा | 1549921 | 1361148 | 87.82 | 115.05 | 3320076 | 3236748 | 97.49 | 119.15 |
| बिराटनगर | 1277220 | 1031898 | 80.89 | 119.52 | 3184937 | 2921256 | 91.72 | 107.76 |
| सुख्खा बन्दरगाह | 1097207 | 1086503 | 99.02 | 150.3 | 2441349 | 2639562 | 108.12 | 148.73 |
| तातोपानी | 603525 | 521280 | 86.37 | 132.18 | 940268 | 987136 | 104.98 | 131.36 |
| त्रि.वि. स्थल | 492567 | 571828 | 115.95 | 160.6 | 1283011 | 1717798 | 133.89 | 168.48 |
| मेची | 381816 | 389582 | 102.03 | 142.27 | 759920 | 734511 | 96.66 | 127.09 |
| नेपालगंज | 285670 | 347828 | 121.76 | 124.46 | 640847 | 794650 | 124.00 | 134.11 |

राजस्व सङ्कलनको अतिरिक्त माघ महिनाको अन्य क्षेत्रको प्रगति पनि निम्न अनुसार सन्तोषजनक देखिएकोछ ।

- मूल्याङ्कन अनुगनम कडा गरिएको, मूल्याङ्कन पुनरावलोकन समिति क्रियाशील गरिएको,
- जाँचपास पछिको परीक्षण र आन्तरिक राजस्वसमेतको सहभागितामा संयुक्त परीक्षणको सुरुवात गरिएको,
- राजस्व चुहावट नियन्त्रण समितिको जिल्ला स्तरीय वैठकमा नियमित गरिएको,
- २०६५ चैत्र १ गते देखि लागू हुने गरी काठमाण्डौं गन्तव्य भएका ढुवानी साधनहरुलाई सीलवन्दी कन्टेनरमा ढुवानी गर्ने व्यवस्था सम्बन्धमा सूचना प्रकाशित गरी भन्सार कार्यालयहरुमा आवश्यक व्यवस्था मिलाइएको,,
- भन्सार प्रमुखहरुसंग नियमित अन्तरक्रिया गरी राजस्व सङ्कलन र व्यापार सहजीकरण गरिएको,
- महानिर्देशकज्यूबाट भारतीय पदाधिकारीसंग छलफल गरी भारतीय अन्तःशुल्क फिर्तामा तीव्रता ल्याइएको,
- त्रि.वि. भन्सारमा जाँचपासमा सुधार र छनौट प्रणालीको परीक्षण गरी जाँचकी कम्प्युटरबाट तोक्ने व्यवस्था गरिएको,
- सुख्खा वन्दरगाहलाई E- customs अवधारणामा संचालन गर्न IMF को सहयोगमा कार्ययोजना तर्जूमा गरिएको,
- त्रि.वि. भन्सार कार्यालयको यात्रु जाँचपासलाई सुधार गर्न IMF Consultant ले अवधारणापत्र पेश गरेको,
- जोखिम व्यवस्थापनको कार्यान्वयन गर्न समिति र कार्यदल गठन गरी कार्य आरम्भ गरिएको,
- कोरियाको Unipass कम्प्युटर प्रणाली लागू गर्ने सम्वन्धी अर्थमन्त्रालयमा छलफल सम्पन्न गरिएको।

# ५७ औ अन्तराष्ट्रिय भन्सार दिवसको अवसरमा उत्कृष्ट कर्मचारीहरुको नामावली

1. नेपाल सरकारको तर्फबाट भन्सार विभाग वा अर्न्तगत सर्वोकृष्ट घोषित कर्मचारी– भन्सार विभागका शा.अ. श्री केशवराज ढकाल
2. नेपाल च्याम्वर अफ कर्मशको तर्फबाट भन्सार विभाग वा अर्न्तगत सर्वोकृष्ट घोषित कर्मचारी– भन्सार विभागका शा.अ.श्री सेवन्तक पोखरेल

## भन्सार विभाग द्वारा घोषित विभागका उत्कृष्ट कर्मचारीहरु

1. उ.स.लेखा श्री कृष्णराज जोशी
2. शा.अ.श्री दिव्यराज पोखरेल
3. क.अ.श्रीमती श्यामकुमारी शर्मा ( बजगाई)
4. ना.सु.श्री बुद्धिकुमार चुडाल
5. टा.ना.सु. श्रीमती द्वारिका सुव्वा
6. ह.स.चा.श्री पदम गुरुङ
7. का.स.श्री सुवित कुमार सुनुवार
8. का.स.श्री शंकर बानिया

## भन्सार विभागद्वारा घोषित अन्य कार्यालयहरुका उत्कृष्ट कर्मचारीहरु

| | |
|---|---|
| 1. स.ले.पा श्रीमती उमा पोखरेल (आचार्य) | विराटनगर भन्सार कार्यालय |
| 2. ना.सु.श्री डम्वरलाल गणेश | वीरगञ्ज भन्सार कार्यालय |
| 3. ना.सु.श्री घनश्याम यादव | वीरगञ्ज भन्सार कार्यालय |
| 4. ना.सु.श्री जगतराम चौधरी | भैरहवा भन्सार कार्यालय |
| 5. ना.सु.श्री कुलराज जोशी | त्रि.वि.स्थल भन्सार कार्यालय |
| 6. खरिदारश्री इश्वरी प्रसाद ढुंगाना | बैदेशिक हुलाक भन्सार कार्यालय |
| 7. मुखिया श्री मोहनदेव भट्ट | तातोपानी भन्सार कार्यालय |
| 8. ना.सु.श्री दशरथ फुँयाल | कृष्णनगर भन्सार कार्याल |
| 9. टा.ख.श्रीमती सीता आचार्य | त्रि.वि.स्थल भन्सार कार्यालय |
| 10. क.अ.श्री प्रकाश दवाडी | सुख्खावन्दरगाह भन्सार कार्यालय |
| 11. मुखिया श्री केदार प्रसाद पोखरेल | जनकपुर भन्सार कार्यालय |
| 12. का.स.श्री रत्न कुमार राई | पशुपतिनगर भन्सार कार्यालय |
| 13. का.स.श्री कृष्णबहादुर खत्री | कैलाली भन्सार कार्यालय |
| 14. का.स.श्रीमतीउषादेवी श्रीवास्तव | वीरगञ्ज भन्सार कार्यालय |
| 15. खरिदार श्री मातृका भट्टराई | मेची भन्सार कार्यालय |
| 16. का.स.श्री जनक प्रसाद घिमिरे | मेची भन्सार कार्यालय |
| 17. ना.सु. श्री केशवदत्त भट्ट | कञ्चनपुर भन्सार कार्यालय |
| 18. भ.स.स.नी श्री परमानन्द ओझा | कञ्चनपुर भन्सार कार्यालय |
| 19. क.स.श्री कृष्णबहादुर राना | गौर भन्सार कार्यालय |

## भन्सार विभाग द्वारा घोषित उत्कृष्ट भन्सार एजेन्टहरु

| | | | |
|---|---|---|---|
| १. | श्री सुरेश बोहोरा | सुरेश क्लियरीङ्ग एण्ड फरवाडिङ्ग | विराटनगर भन्सार कार्यालय |
| २. | श्री माधवनाथ सापकोटा | सापकोटा प्रोभिजनल एण्ड फरवाडिङ्ग | तातोपानी भन्सार कार्यालय |
| ३. | श्री रामचन्द्र बोहोरा | आस्था ईन्टरप्राईजेज | वीरगन्ज भन्सार कार्यालय |
| ४. | श्री खेमराज भुसाल | भुसाल क्लियरीङ्ग | भैरहवा भन्सार कार्यालय। |
| ५. | श्री प्रमोद कुमार श्रीवास्तव | | कृष्णनगर भन्सार कार्यालय। |
| ६. | श्री | सती क्लियरीङ्ग एजेन्ट | सुख्खा बन्दरगाह भन्सार कार्यालय। |
| ७. | श्री लोक प्रसाद कणेल | | त्रि.विमानस्थल भन्सार कार्यालय। |
| ८. | श्री विमल आचार्य | | मेची भन्सार कार्यालय। |
| ९. | श्री अशोक श्रेष्ठ | | मेची भन्सार कार्यलय । |

If A equals success, then the formula is A = X + Y + Z. X is work. Y is play. Z is keep your mouth shut. -- Albert Einstein

# भन्सार दिवसमा भन्सार विभाग परिवार



## त्रिभुवन विमानस्थल भन्सार कार्यालय : एक परिचय

त्रिभुवन विमानस्थल भन्सार कार्यालय राजस्व सङ्कलनका दृष्टिले नेपालको छैठौ प्रमुख भन्सार कार्यालय हो। यो भन्सार अन्तर्राष्ट्रिय विमानस्थलमा अवस्थित नेपालको एक मात्र भन्सार कार्यालय हो। यस भन्सारले ओगटेको क्षेत्र करिव ५४३० वर्गमिटर रहेको छ। अर्थ मन्त्रालयको जेठ १३, २००९को नेपाल गजेटमा हवाई ग्राउण्डमा माल छुटाउने नियम प्रकाशन भए पछि भन्सार अड्डावाट कर्मचारीहरु खटी भन्सार सम्बन्धी कार्य शुरु भएको अनुमान गरिन्छ। नेपाल सरकारको २०६० साल चैत्र २३ गते राजपत्रमा प्रकाशित सूचना अनुसार यस कार्यालयको भन्सार क्षेत्र पूर्वमा त्रिभुवन विमानस्थलको धावन मार्गको पूर्वपट्टि तारवारले घेरेसम्मको किनारासम्म, पश्चिममा चक्रपथको कोटेश्वरदेखि त्रिभुवन विमानस्थल तर्फ प्रवेश गर्ने मूलगेट हुँदै भि.भि.आई.पि लाउन्ज सम्मको मूल सडकको पूर्वपट्टिको किनारासम्म, उत्तरमा भि.भि.आई.पि लाउन्जको दक्षिणपट्टिको कम्पाउण्ड बाहिर मेन्टेनेन्स एप्रोन देखि सोझै पूर्व धावनमार्गको उत्तर किनारासम्म र दक्षिणमा चक्रपथकोटेश्वर देखि भक्तपुर जाने मूलबाटोको उत्तरतर्फ धावनमार्गको दक्षिण किनारासम्म रहेको छ।

राजपत्राङ्कित प्रथम श्रेणीको प्रमुख भन्सार प्रशासक सहित कूल कर्मचारी दरवन्दी १५० रहेको छ, जसमा राजपत्रांकित द्वितीय श्रेणी २, राजपत्रांकित तृतीय श्रेणी ११, राजपत्र अनंकित ९८, श्रेणीविहीन ड्राइभर ६ र श्रेणविहीन कार्यालय सहयोगी ३२ जना रहेको छ। यस कार्यालयको मूल प्रशासनिक कार्य र कार्गो जाँचपास गर्ने कार्य तिनकुने स्थित कार्गो कम्प्लेक्सबाट गरिन्छ। यात्रु जाँचपासको कार्य भने विमान स्थलको अन्तर्राष्टिय टर्मिनल कक्षबाट गरिन्छ। सो वाहेक सुनधारा स्थित वैदेशिक हुलाक भन्सार कार्यालय पनि यस कार्यालयको मातहत कार्यालयको रुपमा रहेको छ । यात्रू जाँचपास प्रशासन दैनिक हवाइसेवाको प्रस्थान र आगमनतर्फका यात्रुको भन्सार जाँचपास समाप्त नहुन्जेल सम्म आवश्यकता अनुसार २ सिफ्टमा चौविसै घण्टा खुला रहन्छ । हाल नेपालमा सेवा प्रदान गर्ने २२ बटा भन्दा बढी हवाईसेवावाट आउने दैनिक करिव ४५०० यात्रुको आगमन कक्षमा तथा प्रस्थानमा करिव ५००० यात्रुको जाँचपास गर्ने गरिन्छ। कार्गो जाँचपास भने सातै दिन सामान्यतयाः जाँचपास कार्यसम्पन्न नभएसम्म नै गरिदै आएकोछ। यस भन्सार कार्यालयबाट आयात हुने मुख्य वस्तुहरु कम्प्युटर, मोवाईल, डिजिटल क्यामरा र तिनका पार्टसहरु, कपडा तथा तयारी पोशाक र सुनचाँदी आदी हुन। निकासीका मुख्य वस्तुहरुमा तयारी पोशाक, गलैंचा, हस्तकलाका सामानहरु तथा जरीबुटीहरु रहेका छ ।

राजस्व संकलनतर्फ भन्सार महसूल, मूल्य अभिवृद्धि कर र अन्तशुल्कसमेत गरी २०६३/६४ मा लक्ष्य रु. १ अर्व ३८ करोड रहेकोमा रु. १ अर्व ५१ करोड संकलन भएको, २०६४/६५ मा लक्ष्य रु. १ अर्व ६० करोड रहेकोमा रु.१ अर्व ८५ करोड संकलन भएको थियो। चालू आर्थिक वर्षमा माघ महिनासम्मको लक्ष्य रु. १ अर्व २८ करोड रहेकोमा रु.१ अर्व ७२ करोड संकलन भई लक्ष्यको तुलनामा ३४ प्रतिशतले वृद्धि भएकोछ ।

प्रकाशक : भन्सार विभाग, त्रिपुरेश्वर, काठमाडौं। फो नं.४२५९७९१, ४२५९७९३ फ्याक्सः४२५९८०
e-mail:it@customs.gov.np